सुरुङ्गा नगरपालिका

# संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन - २०७८

## (O&M SURVEY REPORT – 2021)

सुरुङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सप्तरी

CamScanner

# विषय सूची


भाग : १ - परिचय

१.१ अध्ययनको पृष्ठभूमी .................................. ४
१.२ स्थानीय तहको परिचय .................................. ५
१.३ नीतिगत तथा कानूनी व्यवस्था .................................. ६
१.४ अध्ययनको उद्देश्य .................................. ७
१.५ अध्ययनको विधि र सिमा .................................. ७

भाग : २ - विद्यमान संगठनात्मक परिचय

२.१. विद्यमान दरबन्दीको अवस्था .................................. ९
२.२. विद्यमान दरबन्दी संरचनाको विश्लेषण .................................. १०
२.३ विद्यमान दरबन्दी सम्बन्धमा देखिएका समस्या तथा थप जनशक्तिको औचित्य .................................. ११

भाग : ३ - विश्लेषण

३.१. कार्यक्रमको विश्लेषण .................................. १३
३.२. कार्यबोझको विश्लेषण .................................. १४
३.३. कार्य प्रकृतिको विश्लेषण .................................. १५
३.४. उपलब्ध मानव स्रोतको आकंलन .................................. १५
३.५ परिवर्तनको औचित्य .................................. १६

भाग : ४ - प्रस्तावित सांगठनिक ढाँचा

४.१. प्रस्तावित दरबन्दी संरचनाको अवस्था .................................. १८
४.२. प्रस्तावित दरबन्दी विवरणको व्याख्या .................................. १९
४.३. नगरपालिकालाई पर्ने थप आर्थिक दायित्व .................................. २०
४.४ अन्य सुझाव तथा सिरफारिश .................................. २३

अनुसूचीहरु:

१. संगठनका पदहरुको कार्य विवरण
२. सन्दर्भ सामग्री




CamScanner

# भाग १

## १.१ अध्ययनको पृष्ठभूमि

स्थानीय तहहरु नागरिकको सबैभन्दा नजिक रहेर काम गर्ने तह हुन् । नजिकको तहबाट सेवा प्रदान गर्दा सेवा प्रवाह प्रभावकारी हुन्छ र नागरिकले सर्व सुलभ ढंगबाट कम लागतमा गुणस्तरिय सेवा प्राप्त गर्दछन् भन्ने मान्यता रहि आएको छ । यसै अनुरुप हाम्रो देशका स्थानीय तहहरुले नागरिकको सबैभन्दा नजीकका सरकारको रुपमा कार्य गर्दै आईरहेका छन् । नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्य प्रचलित कानूनहरुलले स्थानीय तहहरुको रुपमा जिल्ला समन्वय समिति, नगरपालिका तथा गाँउपालिकाहरुको परिकल्पना गरेको छ । हाल यी स्थानीय तहहरुले स्थानीय सरकारको रुपमा दैनिक प्रशासनिक लगायत बिकास निर्माण संग सम्वद्ध बिभिन्न प्रकारका क्रियाकलापहरु संचालन गर्दै आई रहेका छन् ।

वर्तमान नेपालको संविधान तथा अन्य कानूनहरुले स्थानीय तहरुलाई स्थानीय सरकारको रुपमा मान्यता दिएकोले अहिले स्थानीय तहको कार्य क्षेत्र र अधिकारमा व्यापक रुपमा बिस्तार हुन गएकोछ । संघीय तथा प्रदेश सरकारको सामान्य निर्देशनमा स्थानीय तहहरुले आफ्नो कानून बनाउने देखि राजस्व उठाउने, योजना बनाउने खर्च गर्ने, कर्मचारी व्यवस्थापन गर्ने लगायतका सम्पूर्ण कार्यहरु गर्ने गर्दछन् । अर्को शब्दमा भन्नेहो भने खास गरि स्थानीय तहको निर्वाचन भई जन प्रतिनिधीहरु बहाल भएपश्चात स्थानीय तहहरुको अधिकारमा व्यापकता आएकोछ, जस अनुसार हाल स्थानीय तहहरुलाई राजनैतिक, आर्थिक, कानूनी तथा प्रशानिक अधिकार पूर्णरुपमा प्राप्त भएको छ ।

हाल आएर स्थानीय तहहरुको अधिकार क्षेत्र वढेअनुरुप जनशक्तिको अनुपात वढन नसक्दा मुलुकका प्राय सवैजसो स्थानीय तहहरुमा जनशक्तिको अभाव देखिएको छ । कार्यालयको दैनिक सेवा प्रवाह गर्ने कार्यहोस वा बिकास निर्माणका कार्यहरु संचालन गर्ने जुनसुकै कार्य संचालन गर्नका लागि पनि जनशक्तिको आवश्यकता अपरिहार्य रहन्छ । मानव मात्र यस्तो सक्रीय स्रोतहो जसले अन्य निश्क्रिय श्रोत र साधनहरुलाई परिचालन गरे अपेक्षित नतिजा निकाल्दछ । हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सवै स्थानीय तहहरुको लागि न्यूनतम दरबन्दी संरचना स्विकृत गरेर पठाएको छ । जसमा श्रेणिविहीन कर्मचारीहरुको दरवन्दी उल्लेख गरिएको छैन । बिगतमा संकुचित कार्यक्षेत्र र सानो भुगोल रहेको गाँउ विकास समिति अहिले नगरपालिकामा परिणत हुनसाथ थप जनशक्ति अति आवश्यक हुन आउछ । बिशेष गरि श्रेणीबिहीन तथा केही प्राविधिक पदहरुको विवरण संघीय मामिला तथा सामान्य



CamScanner

# भाग २

## २.१ बिद्यमान दरबन्दीको अवस्था

नेपालको २ नम्बर प्रदेशको सबैभन्दा पूर्वको जिल्ला सप्तरीमा अवस्थित यस सुरुङ्गा नगरपालिकाको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्विकृत दरबन्दी संरचना निम्न अनुसार रहेको छ ।

| क.स. | पद | तह | सेवा | समुह | स्वीकृतदरबन्दी | पुर्ती संख्या | रिक्त पदसंख्या |
|---|---|---|---|---|---|---|---|
| १ | प्र. प्रशासकीय अधिकृत (उप-सचिब) | १० | प्रशासन | सा.प्र | १ | १ | ० |
| २ | अधिकृत | ९ वा१० | शिक्षा | शि.प्र | १ | १ | ० |
| ३ | सि.डी.ई. | ९ वा१० | इंजिनीयर | सिभिल | १ | ० | १ |
| ४ | अधिकृत | ७ वा ८ | प्रशासन | सा.प्र | १ | ० | १ |
| ६ | लेखा अधिकृत | ७ वा ८ | प्रशासन | लेखा | १ | ० | १ |
| ७ | अधिकृत | ७ वा ८ | शिक्षा | शि.प्र | १ | ० | १ |
| ८ | जन स्वास्थ्य अधिकृत | ७ वा ८ | स्वास्थ्य | ज.स्वा. | १ | १ | ० |
| ९ | इंजिनीयर | ७ वा ८ | इंजिनीयर | सिभिल | १ | १ | ० |
| १० | अधिकृत | ६ | प्रशासन | सा.प्र | २ | २ | ० |
| ११ | आन्तरिक लेखा परिक्षक सहायक | ५ | प्रशासन | लेखा | १ | १ | ० |
| १२ | प.हे.न | ५ वा ६ | स्वास्थ्य | क.न | १ | १ | ० |
| १३ | हेल्थ असिस्टेन्ट | ५ वा ६ | स्वास्थ्य | हे.ई. | १ | १ | ० |
| १४ | सहायक | ५ | प्रशासन | सा.प्र | ५ | २ | ३ |
| १५ | लेखापाल | ५ | प्रशासन | लेखा | १ | १ | ० |
| १६ | कम्पुटर अपरेटर | ५ | बिविध | | १ | १ | ० |
| १७ | प्रा.स | ५ | शिक्षा | शि.प्र | १ | १ | ० |
| १८ | सब-इन्जिनीयर | ५ | इंजिनीयर | सिभिल | २ | २ | ० |
| १९ | महिला विकास निरीक्षक | ५ | बिबिध | | १ | १ | ० |
| २० | अमिन | ४ | इंजिनीयर | सर्भे | १ | १ | ० |
| २१ | सहायक | ४ | प्रशासन | सा.प्र | २ | २ | ० |
| २२ | स.ले.पा | ४ | प्रशासन | लेखा | १ | ० | ० |
| २३ | सहायक महिला निरीक्षक | ४ | बिबिध | | १ | १ | ० |
| | कुल जम्मा | | | | २९ | २१ | ७ |

वडा कार्यालय तर्फ(जम्मा वडा ११)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सहायक | ५ | प्रशासन | सा.प्र | ५ | ४ | १ |
| २ | सब-इन्जिनीयर | ५ | इंजिनीयर | सिभिल | ५ | ३ | २ |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र | ४ | ४ | ० |
| ४ | अ.सब इंजिनीयर | ४ | इंजिनीयर | सिभिल | ६ | ५ | १ |
| ५ | मुखिया | ३ | प्रशासन | सा.प्र | २ | २ | ० |
| | कुल जम्मा | | | | २२ | १८ | ४ |



CamScanner

# भाग ४

## ४.१ प्रस्तावित दरबन्दी संरचनाको अवस्था

सुरुङ्गा नगरपालिकाबाट गरिने सेवा प्रवाह तथा विकास व्यवस्थापनलाई प्रभावकारी बनाई नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रति आम नागरिकको विश्वास जगाउनका लागि न्यूनतम रुपमा आवश्यक हुने स्थायी तथा अस्थायी गरि दुई किसिमका दरवन्दीहरु प्रस्ताव गरिएको छ। स्थायी दरवन्दीका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्विकृत भई आएको दरवन्दीलाई आधार मानेर सोहि पदहरु स्विकृत गरिएको छ। मन्त्रालयवाट स्विकृत दरवन्दी संरचनामा समावेश नभएका तर कार्यालयको लागि अति आवश्यक सहायक कम्प्यूटर अपरेटर लगायतका श्रेणिविहीन पदहरुको दरवन्दी अस्थायी दरवन्दी अन्तरगत समेटिएको छ। अध्ययन बाट प्रस्तावित स्थायी तथा अस्थायी विवरण निम्न अनुसार रहेको छ।

**क) स्थायी दरबन्दी**

| क.स. | पद | तह | सेवा | समुह | स्वीकृतदरबन्दी | पुर्ती संख्या | रिक्त पदसंख्या |
|---|---|---|---|---|---|---|---|
| १ | प्र. प्रशासकीय अधिकृत (उप-सचिब) | १० | प्रशासन | सा.प्र | १ | १ | ० |
| २ | अधिकृत | ९ वा१० | शिक्षा | शि.प्र | १ | १ | ० |
| ३ | सि.डी.ई. | ९ वा१० | इंजिनीयर | सिभिल | १ | ० | १ |
| ४ | अधिकृत | ७ वा ८ | प्रशासन | सा.प्र | १ | ० | १ |
| ५ | लेखा अधिकृत | ७ वा ८ | प्रशासन | लेखा | १ | ० | १ |
| ६ | अधिकृत | ७ वा ८ | शिक्षा | शि.प्र | १ | ० | १ |
| ७ | जन॰स्वास्थ्य अधिकृत | ७ वा ८ | स्वास्थ्य | ज.स्वा. | १ | १ | ० |
| ८ | इंजिनीयर | ७ वा ८ | इंजिनीयर | सिभिल | १ | १ | ० |
| ९ | अधिकृत | ६ | प्रशासन | सा.प्र | २ | २ | ० |
| १० | आन्तरिक लेखा परिक्षक सहायक | ५ | प्रशासन | लेखा | १ | १ | ० |
| ११ | प.हे.न | ५ वा ६ | स्वास्थ्य | क.न | १ | १ | ० |
| १२ | हेल्थ असिस्टेन्ट | ५ वा ६ | स्वास्थ्य | हे.ई. | १ | १ | ० |
| १३ | सहायक | ५ | प्रशासन | सा.प्र | ५ | २ | ३ |
| १४ | लेखापाल | ५ | प्रशासन | लेखा | १ | १ | ० |
| १५ | कम्पुटर अपरेटर | ५ | बिबिध | | १ | १ | ० |
| १६ | प्रा.स | ५ | शिक्षा | शि.प्र | १ | १ | ० |
| १७ | सब-इन्जिनीयर | ५ | इंजिनीयर | सिभिल | २ | २ | ० |
| १८ | महिला विकास निरीक्षक | ५ | बिबिध | | १ | १ | ० |
| १९ | अमिन | ४ | इंजिनीयर | सर्भे | १ | १ | ० |
| २० | सहायक | ४ | प्रशासन | सा.प्र | २ | २ | ० |
| २१ | स.ले.पा | ४ | प्रशासन | लेखा | १ | ० | ० |
| २२ | सहायक महिला निरीक्षक | ४ | बिबिध | | १ | १ | ० |
| २३ | कार्यालय सहयोगी | श्रेणिबिहीन | प्रशासन | | १ | १ | ० |
| | कुल जम्मा | | | | ३० | २२ | ७ |



CamScanner

वडा कार्यालय तर्फ(जम्मा वडा ११)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सहायक | ५ | प्रशासन | सा.प्र | ५ | ४ | १ |
| २ | सब-इन्जिनीयर | ५ | इंजिनीयर | सिभिल | ५ | ३ | २ |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र | ४ | ४ | ० |
| ४ | अ.सब इंजिनीयर | ४ | इंजिनीयर | सिभिल | ६ | ५ | १ |
| ५ | मुखिया | ३ | प्रशासन | सा.प्र | २ | २ | ० |
| ६ | कार्यालय सहयोगी | श्रेणिबिहीन | प्रशासन | | ७ | ७ | ० |
| | कुल जम्मा | | | | २९ | २५ | ४ |

## ख) अस्थायी दरबन्दी

| क.सं | पद | सेवा/समूह | श्रेणी/तह | जिम्मेवारी/काम गर्ने स्थान | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सूचना प्रबिधी अधिकृत | ईन्जिनियरिंग | छैठौं | नगर कार्यपालिका | १ | नेपाल सरकारबाट प्राप्त दरबन्दी |
| २ | रोजगार संयोजक | प्रशासन | छैठौं | नगर कार्यपालिका | १ | |
| ३ | एम आई एस अपरेटर | प्रशासन | पाँचौं | नगर कार्यपालिका | २ | |
| ४ | एम आई एस सहायक | प्रशासन | चौथो | नगर कार्यपालिका | १ | |
| ५ | सहायक कम्प्यूटर अपरेटर | बिबिध | चौथो | नगर कार्यपालिका | १ | |
| ६ | सामाजिक परिचालक | प्रशासन | चौथो | वडा कार्यालय | ८ | |
| ७ | ना.प्रा.स.कृषी | कृषी | चौथो | वडा कार्यालय | ६ | |
| ८ | ना.प्रा.स. पशु | पशु | चौथो | वडा कार्यालय | ४ | |
| ९ | ईलेक्ट्रिशियन | ईन्जिनियरिंग | चौथो | नगर कार्यपालिका | १ | |
| १० | हलुका सवारी चालक | मेकानिकल | श्रेणीबिहीन | नगर कार्यपालिका | ३ | |
| ११ | कार्यालय सहायोगी | मेकानिकल | श्रेणीबिहीन | नगर कार्यपालिका | ८ | |
| १२ | टयाक्टर सहायक | प्रशासन | श्रेणीबिहीन | नगर कार्यपालिका | १ | |
| १३ | पाले, सुरक्षा गार्ड | प्रशासन | श्रेणीबिहीन | नगर कार्यपालिका | ३ | |
| १४ | स्विपर | प्रशासन | श्रेणीबिहीन | नगर कार्यपालिका | ३ | |
| | जम्मा | | | | ४३ | |

## ४.२ प्रस्तावित दरवन्दी विवरणको व्याख्या

सुरुङ्गा नगरपालिकाको लागि मन्त्रालयबाट स्विकृत विद्यमान स्थायी दरबन्दी तथा नगरपालिकामा हाल कार्यरत जनशक्तिको अनुपात बिश्लेषण गर्दा बिशेष गरि तल्लो स्तरका दरबन्दीहरुमा कार्यबोझको तुलनामा जशक्तिको अनुपात ज्यादै न्यून देखिन्छ। यस नगरपालिकाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्विकृत दरबन्दी संरचनालाई विश्लेषण गर्दा केही प्रशासनिक तथा वडा कार्यालयहरुका लागि स्विकृत गरिएको प्राविधिक जनशक्ति अलि बढिनै देखिन्छ। तथापी भविष्यमा नगरपालिकामा बिस्तार हुने कार्यवोझ समेतलाई मध्यनजर गरेर सो दरवन्दीमा कुनै कटौति गरिएको छैन। स्थायी दरवन्दीमा विशेष



CamScanner